गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल
✆ ९८५८०६५१११

प.सं. : २०८०/०८१
च. नं. : १५६८

मिति : २०८०।०९।२६

**विषय : शिक्षक तथा विद्यालय कर्मचारीहरुको मासिक तलवभत्ता Electronic Fund Transfer (EFT) सम्वन्धमा ।**

**श्री सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरु सबै,**
**गुर्भाकोट नगरपालिका, सुर्खेत ।**

सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री वनाई डिजिटल पालिकाको अवधारणा कार्यान्वयन गर्ने यस नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम र उक्त नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने यस नगरपालिकाको मिति २०८०।०७।०३ गते प्रकाशित सूचना बमोजिमको प्रतिवद्धता अनुरुप यस पालिकाको शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलब भत्ता मासिक रुपमा विद्यालयको बैंक खातामा निकासा गर्ने कार्यलाई थप सहज र व्यवस्थित बनाउनका लागि चालु आर्थिक वर्षको साउन महिनादेखि नै सम्वन्धित विद्यालयको वैक खातामा **Electronic Fund Transfer (EFT)** मार्फत निकासा गरिएको व्यहोरा अवगत नै छ ।

नगरपालिकावाट विद्यालयको बैंक खाता र विद्यालयको वैक खातावाट शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत बैंक खातामा रकम निकासा गर्दा समय र लागत प्रभावी नहुनुको साथै झन्झटिलो, बोझिलो एवं प्राज्ञिक जनशक्ति प्राज्ञिक जिम्मेवारी वाहेकका कार्यमा समेत संलग्न हुनुपर्ने बाध्यताले अपेक्षित शैक्षिक उपलब्धी हासिल गर्नमा प्रतिकुल असर परिरहेको परिदृष्यका कारण सूचना प्रविधिको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई छरितो, प्रभावकारी र नतिजामूलक वनाउनका लागि केही स्थानीय तहले मात्र अभ्यास गरेको **Electronic Fund Transfer (EFT)** मार्फत सोझै शिक्षक तथा विद्यालय कर्मचारीहरुको व्यक्तिगत बैंक खातामा मासिक तलव भत्ता चालु आ. व. को मंसिर महिनादेखि निकासा गरिएको व्यहोरा जानकारी गराउँदछौं । साथै यस कार्यलाई आगामी महिनादेखि निरन्तरता दिईने समेत अवगत गराउँदछौं ।

२०८०।०९।२६
पदम बहादुर बि.क.
शिक्षा अधिकृत



CamScanner